#नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, श्रावण ९ गते २०२४ साल [ संख्या १५

श्री ५ को सरकार

### कानून तथा न्याय–मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनहरू सहित) को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

देहायका तीन सदस्यहरू भएको एक विशेष अदालत गठन गरिएको छः–

| | |
|---|---|
| भेरी अञ्चलाधीश कार्यालय शाखा नं. १ दैलेखका सहायक अञ्चलाधीश | सदस्य |
| जिल्ला न्यायाधीश दैलेख जिल्ला अदालत | सदस्य |
| सभापति, दैलेख जिल्ला पञ्चायत | सदस्य |

श्री ५ को सरकारले भेरी अंचलाधीश कार्यालय शाखा नं. १ दैलेखका सहायक अञ्चलाधीशलाई यस विशेष अदालतको अध्यक्ष तोकिदिएको छ ।

छोरा पत्ता लगाइपाऊं भन्ने रणबहादुर शाहीको जाहेरीबाट जि.पु.इ.का. दैलेखका इन्सपेक्टर र सम्बन्धित अ.प.प्र. द्वारा अनुसन्धान भई दैलेख जिल्ला अदालतका प्रहरी प्रतिवेदनबाट परेको मुद्दा कारवाई किनारा लगाउन यस विशेष अदालतलाई सुम्पिएको छ । सो विशेष अदालतले आफ्नो सदर मुकाम दैलेख जिल्लाभित्र जहांसुकै पनि कायम गर्न सक्ने छ ।

आज्ञाले–

रमानन्दप्रसाद सिंह

श्री ५ को सरकारको का. मु. सचिव ।

३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालयको

## सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनहरू सहित) को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

खण्ड १६ मिति २०२३।६।१८ संख्या ३५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाद्वारा गठित लुम्बिनी विशेष अदालतलाई खारेज गरिएको छ ।

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको का. मु. सचिव ।

२२८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।